च.नं.
प.सं. २०७७/२०७८

# रैनादेवी छहरा गाउपालिका
## गाउं कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५-६९०२२५
०७५-६९२३८३


मितिः- २०७८/१/२३

**प्रेस विज्ञप्ति**

केही दिन यता विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्टको संक्रमण यस गाउँपालिकामा समेत तिव्र रुपमा फैलिएको हुँदा गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०७८ बैशाख १५ गतेको बैठकको निर्णय बमोजिम मिति २०७८ वैशाख २४ गते सम्म अत्यावश्यक व्यवसाय वाहेक अन्य सम्पूर्ण क्रियाकलापहरु वन्द गर्ने गरी जारी भएको सूचनाका सम्बन्धमा सर्वविदितै छ।

मिति २०७८/१/२२ सम्मको PCR र Antigen परीक्षण गर्दा अधिकांशको Report पोजेटिभ आएकोले गाउँपालिकाको मिति २०७८/१/२३ मा वसेको विपद् व्यवस्थापन समितिको बैठकबाट मिति २०७८/१/२४ देखि २०७८/१/२८ सम्म स्वास्थ्य सम्बन्धी सेवाहरु वाहेक अन्य सम्पूर्ण व्यावसाय, संघ, संस्था बन्द गर्ने निर्णय भएको हुँदा निर्णयको पूर्ण पालना गरी कोभिड-१९ को महामारी रोकथाम तथता नियन्त्रणमा सहयोग गरिदिनु हुन सम्पूर्ण पालिका वासीहरुलाई अनुरोध गर्दछौं। साथै तपसिलमा उल्लेखित सावधानीका उपाएहरु अवलम्बन गर्नु हुनु अनुरोध गर्दै कोभिड-१९ संक्रमित विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौं।

तपसिलः

१. अनिवार्य रुपमा Sanitizer, Mask र Physical Social Distance (SMS) को प्रयोग एवम् पालना गर्ने।
२. नियमित रुपमा कम्तिमा दुई मिनेट सावुन पानीले हात धुने।
३. भारत लगायत तेश्रो मुलुक र जिल्ला वाहिरबाट आएका नागरिकहरु अनिवार्य रुपमा १४ (चौध) दिन होम क्वारेन्टीनमा वस्ने र कोरोना पोजेटीभ आएका विरामीहरु अनिवार्य रुपमा १४ (चौध) दिन होम आइसोलेसनमा वस्ने।
४. कोरोना पोजेटीभ आएका विरामीहरुलाई कोरोना-१९ को लक्षण देखिई असहज भएमा नजिको स्वास्थ्य संस्था तथा गाउँपालिकाको स्वास्थ्य शाखा (स्वास्थ्य संयोजक श्री जीवन राना ९८५७०६०६९०) र डा.शिशिर कुमार पटेल ९८६२०२३८५५ मा सम्पर्क गर्ने।
५. नियमित रुपमा तातो झोलिलो पदार्थ सेवन गर्ने।

विष्णु प्रसाद पोखरेल
प्रवक्ता

Scanned with CamScanner